# विगु गाउँपालिका

## आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम २०८३

**विगु गाउँपालिका**

**लादुक, दोलखा।**

**बागमती प्रदेश**

# विगु गाउँपालिकाको १९ औं गाउँ सभामा प्रस्तुत बजेट वक्तव्य २०८३/०८४

सम्मानित सभाका अधक्ष्य,
**गाउँ सभाका सदस्यज्यूहरु,**

**सभाको अध्यक्षको अनुमतिअनुसार सम्मानित गाउँसभाको बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुशी लागेको छ ।**

यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, दश बर्षे जनयुद्ध तथा विभिन्न जनआन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा राजनैतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण विगु बासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

नेपालको संविधान जारी भई मुलुकमा सङ्घीयता प्राप्ति सँगै हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार मार्फत शासकीय अभ्यास भैरहेको छ । स्थानीय सरकारको दोस्रो कार्यकालको लागि निर्वाचित भई हामी पाँचौ बर्षमा प्रवेश गरेका छौं । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो आय र व्ययको अनुमान सहितको बजेट असार १० गतेभित्र सभामा पेश गरी असार मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था बमोजिम म आ.व. २०८३।८४ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

स्थानीय सरकारको दोस्रो कार्यकालको लागि निर्वाचित भई हामी पाँचौ बर्षमा कार्य गरिरहेका छौं । दोस्रो कार्यकालको गत बर्षहरुमा सीमित स्रोत साधन, असिमित आवश्यकताकाबीच जनताको चाहना अनुरुप सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन गर्न विगु गाउँपालिकाले सशक्त ढंगले आफ्नो नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरेको छ । चालु आ.ब.मा सम्बोधन हुन नसकेका र अधुरा रहेका योजनाको विषयहरुलाई आगामी आर्थिक बर्षमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

राष्ट्रिय अर्थतन्त्रमा आएको संकुचन, संघीय र प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने अनुदान कटौती लगायतका आर्थिक क्षेत्रमा परेका असहज परिस्थितिकाबीच आ.व. २०८३।०८४ को बजेट पेश गर्न उपस्थित भएको छु ।

स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रबर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको संस्थागत स्थापना तथा समृद्ध स्थानीय विकास व्यवस्थापन यस सरकारका मुख्य प्राथमिकता रहेका छन् ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.व.२०८३/८४ को क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु ।**

## पूर्वाधार निर्माण, योजना अनुगमन तथा मूल्यांकन

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भैसकेको हुँदा आ.व. २०८३-८४ मा सार्वजनिक सेवा प्रवाह गाउँपालिकाको प्रशासकीय भवनबाट कार्य संचालन गरिनेछ।

२. गाउँपालिका केन्द्र र वडा कार्यालय जोड्ने मूख्य सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिदै सहायक सडकहरुको समेत आवश्यकताका आधारमा स्तरोन्नति गर्दै लगिनेछ ।

३. वर्षा याममा सवारी साधन र नागरिकहरुको सुरक्षित यात्राको लागि सडक पूर्वाधार विकास गरी बार्है महिना सबै वडाहरुको सड्क सञ्चालनको सुनिश्चितता गरिनेछ।

४. खोपाचागु विगु आलम्पु चिलंखा हुँदै गाउँपालिका जोड्ने साथै गाउँपालिकादेखि बुलुङ वराङ हुँदै लामाबगर जोड्ने सडकलाई मूख्य रणनीतिक सडकको रुपमा लिदै यस सडकलाई स्तरउन्नतिको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५. पूर्वाधारको क्षेत्रमा साझेदार निकायहरुको खोजी गरी पूर्वाधार निर्माणमा आवश्यक साझेदारीको नीति अवलम्बन गरिनेछ ।

६. खानेपानी सहज आपूर्तिको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइएको छु।

७. गाउपालिकाभित्र निर्माण हुन बाँकी रहेको वडा नम्बर ८ र ५ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

८. उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा लागत सहभागिता वा श्रमदानलाई व्यवहारिक र अनिवार्य बनाइने कार्यलाई निरन्तरता दिईनेछ।

९. गाउँपालिकाको विकास निर्माण व्यवस्थापनलाई थप मजबुत, सरलिकृत तथा प्रविधिमैत्री बनाउन योजना व्यवस्थापन सम्बन्धी सफटवेर, ल्याव टेस्ट, तथा सर्वे मेसिन जस्ता अन्य आवश्यक प्राविधिक सामाग्री खरिदको लागि आबश्यक बजेटको व्यबस्था गरिनेछ।

१० यस गाउँपालिकाको पुजिंगत बजेट तर्फ उपभोक्ता समिति मार्फत संञ्चालन गरिने रु पाच लाख भन्दा माथिका योजनाहरुमा मर्मत संभार कोष कट्टा गरि उपभोक्ता समितिलाइ थप जिम्मेवार बनाउने व्यबस्था गरेको छु।

११. यस गाउँपालिकाभित्रका चिन संग जोडने फलाक नाका सडक, ठाडिदेउलाङ च्यानडाँडा सडक, पालिका जोड्ने च्यार्सापा खोला पक्की पुल र शारदा मावि विद्यालय भवन लगाएतको योजनाहरुमा

संघ प्रदेश र स्थानीय सरकारको साझेदारीमा कार्यान्वयन हुने गरी आवश्यक बजेटको व्यवस्था गरेकोछु।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित रकममा गाउँपालिकाको रकम थप गरी योजना कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३. यस आर्थिक वर्ष २०८३-८४ मा दश लाख भन्दा माथिको सम्पूर्ण योजनाहरु E-BID (विद्युत्तिय बोलपत्र) मार्फत कार्यान्यन गरिनेछ।

१४ पालिकाभित्र सुशासन पारदर्शिता र जबाफदेहिता सुनिश्चितताको लागि कार्यालयको सम्पूर्ण शाखाहरुबाट हुने खरिद प्रक्रियालाई सोझै खरिद नगरी खरिद गुरुयोजना निर्माण गरी E-BID (विद्युत्तिय बोलपत्र) खरिद प्रक्रिया मार्फत कार्यान्यन गरिनेछ।

## कृषि तथा पशुपंक्षी तर्फ

१. यस गाउँपालिकाबाट कृषि तथा पशुपंक्षी सम्बन्धित प्रोत्साहन तथा अनुदानका कार्यक्रमहरुलाइ निरन्तरता दिइएको छु।

२. विश्व पशुस्वास्थ्य संगठनको २०३० सम्ममा विश्वबाट रेविज रोगलाई निर्मुल पारी रेविज रोगबाट मानिसले ज्यान गुमाउन नपर्ने रणनितिक योजनालाई आत्मसात गर्दै विगु गाउँपालिकालाई पनि रेविज रोग मुक्त गाउँपालिका बनाउनको लागि आवश्यक बजेटको व्यबस्था गरेको छु।

३. बाख्रा पालन, चौरीपालन, भेडापालन , गाईपालन , भैंसीपालन, लोकल कुखुरा पालन, लगायतका अन्य पशुपंक्षीपालनका साथै व्यवसायिक रुपमा कृषि खेती गरिरहेको कृषकहरुलाई व्यवसाय संचालन गर्न अनुदान तथा प्रोत्साहनको कार्यक्रमलाई निरन्तरता दिइएको छु ।

४ गाउँपालिकावाट निःशुल्क वितरण गरिने पशुपंक्षी सम्बन्धि अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने व्यवस्था तथा पशुपंक्षीहरुमा लाग्ने महामारीजन्य रोगहरु विरुद्धको खोप संचालन कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यावस्था गरेको छु।

५. गाउँपालिकाबाट वितरण हुने विभिन्न कृषि औजारहरु तथा कृषि अनुदानहरु वितरण गर्दा निश्चित मापदण्ड र कार्याविधि बनाइ वितरण गरिनेछ। साथै कृषिमा अनुदानभन्दा प्रोत्साहन कार्यक्रमलाई जोड दिने नीति अवलम्बन गयरिनेछ।

६. प्रत्येक वडालाई अलग रुपमा कृषिजन्य तथा फलफूलजन्य नगदेबालीको आवश्यकताको आधारमा पकेट क्षेत्र घोषणा गरी विकास गरिनेछ । कृषि क्षेत्र, कृषकको वर्गीकरण गरी कृषि प्रणालीलाई वैज्ञानिक तरिकाले आधुनिकीकरण गरिनेछ।

७. गुणस्तरीय बिउ उत्पादनमा आत्मनिर्भर भै अन्य जिल्लाहरुमा समेत निर्यातको लागि प्रोत्साहनको कार्यक्रम संचालन तथा बिउ बिजन उत्पादन र बिक्रि वितरण गर्न इच्छुक कृषि सहकारी र कृषक समूहहरुलाई इजाजत प्रदान गर्ने व्यबस्था मिलाएको छु ।

८. विशेष योजनासहित व्यवसायिक कृषि फर्म सञ्चालन गर्ने कृषकको लागि सिँचाइ, सडक, विद्युत, मलखमद, प्रविधि र बजारीकरणमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ।

९. रैथाने तथा उन्नत बिउविजनका लागि नर्सरी तथा बिउविजन बैङ्क स्थापना गरिने छ।

१०. खाली तथा सार्वजनिक जग्गाहरुमा फलफूलका विरुवा लगाइ हरियाली प्रबद्र्धनका साथै आर्थिक बृद्धि बढाउने नीति लिइनेछ।

**<u>पर्यटन प्रवर्द्धन, साँस्कृतिक संरक्षण तथा उद्योग</u>**

१. गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका क्षेत्रको नक्साङ्कन गरी पर्यटन प्रचारप्रसार र सूचना प्रणालीलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाएको छु।

३. पर्यटन पदयात्राको लागि सम्भाव्यता अध्ययनको कार्य सुरुवात गर्न र अपुरा पदमार्गहरुको स्तरोन्नतीको लागि संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गर्ने व्यबस्था मिलाएको छु ।

४. आदिबासी, जनजाती लगायतका वर्गको भाषा, सँस्कृति, रितीरिवाज, परम्परा, लिपी आदिको संरक्षण एवम् प्रबर्द्धन गर्नका लागि पर्यटन कार्यक्रम र धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन गर्न आबश्यक व्यबस्था मिलाएको छु।

५. आलम्पु - बौलाहपोखरी, विगु - देउढुङ्गा चिलंखा – थोपोडाँडा, लप्ची देखी-मञ्जुश्री ताल लगायतका पदमार्गहरुको नक्साङ्कन तथा प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाएको छु।

६. थाङशेर्वुदेखी छोपाभुमारी बेस क्याम सम्म पदमार्ग निर्माण गरी पर्यटन प्रबद्धन गर्न आवश्यक व्यवस्था गरेको छु। साथै लप्ची पर्यटन प्रबर्द्धन तथा आन्तरीक र वाह्य पर्यटकको लागि आवास सुरक्षाको लागि गाउँपालिकाले आवश्यक व्यवस्थाको नीति अबलम्बन गरिनेछ।

७ गाउँपालिकाभित्र सम्भाव्य तामा खानी, मिनरल वाटर, जडिबुटी आदि उद्यम विकासको सम्भाव्यता अध्ययन अनुसन्धानको लागि आवश्यक व्यावस्था गरिनेछ।

८ आलम्पु चिलङ्खा र देउढुङ्गा स्लेट खानी उत्खननको लागि EIA/IEE मार्फत अनुसन्धान गरी ढुङ्गा खानिहरुलाई व्यवस्थित गरिने छ।

**<u>श्रम, रोजगार, सहकारी तथा गरिबी निवारण</u>**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप योगदान पुग्ने गरी विगु रोजगार कार्यक्रम र रोजगार रणनीतिको कार्यान्वयन गर्न आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

२. आगामी आर्थिक बर्षमा गाँउपालिकामा रोजगारीको अबस्थाको विस्तृत विवरणको अध्ययन अनुसन्धान गरी तथ्याङ्क सङ्कलन गर्ने कार्यको लागि आवश्यक व्यबस्था गरिनेछ।

३.स्थानीय स्तरमा संचालन गर्न सकिने साना तथा मझौला उद्योगहरु जस्तै - मछिनोको तेल बनाउने उद्योग, नेपाली कागज उद्योग, किवी फलबाट जुस बनायने जस्ता उद्योग स्थापनामा उद्योगीहरुलाई प्रोत्साहन गर्नको लागि आबश्यक व्यावस्था गरिनेछ।

४. युवाहरुलाई जडिबुटी खेतिमार्फत स्वरोजगार बनाउन तथा रोजगारीको अवसर सिर्जना गर्न जडिबुटी नरसरिको स्थापना तथा व्यबस्थापन गर्न आबश्यक व्यवस्था गरिनेछ।

५. गाउपालिकाभित्र रहेका बेरोजगार युवाहरुकोलागी प्रोत्साहन र सिप बिकास प्रबर्दन, परम्परागत पेसा, सिप र कला प्रबर्दनका लागि आबश्यक बजेटको व्यबस्था गरिने छ।

६. गाउँपालिकाभित्र करार सेवामा कार्यरत सवै खाले कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि आवश्यक नीति निर्माणको व्यवस्था गरिने छ।

## <u>शिक्षा युवा तथा खेलकुद तर्फ</u>

१. ***गाउगाउमा अभिभाबक शिक्षा घर-घरमा समिक्षा*** भन्ने मुल नाराको साथ् अभिभावकलाई शिक्षामा जोडनको लागि आबश्यक बजेटको व्यबस्था गरेको छु।

२. शिक्षालाई बदलिदो परिवेश र प्रविधिको पहुँचमा जोड्नको लागि सबै माध्यमिक बिद्यालयमा सिसि क्यामेरा, इ हाजिरी जडानका साथै प्रबिधिमैत्री शिक्षा प्रणालीलाई निरन्तरता दिदै हरेक माध्यमिक विद्यायमा स्मार्ट बोर्ड मार्फत शिक्षण सिकाईको लागि आवश्यक व्यवस्था मिलाईने छ।

३. शिक्षामा नयाँ, नयाँ ज्ञान र अनुभवलाई आदानप्रदानको लागि प्रधानाध्यापकहरुलाई नमुना बिद्यालयहरुको भ्रमण तथा अवलोकनको लागि आबश्यक बजेटको व्यबस्था गरेको छु।

४. सम्पूर्ण माध्यमिक विद्यालयहरुलाई आवासीय विद्यालयको रुपमा बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छु।

५.आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन कार्यलाई क्रमागतरुपमा सुरुवात गर्ने साथै स्थानीय भाषा र लिपी संरक्षणको लागि थामी र तामाङ भाषाको कक्षा २ को पाठ्यपुस्तक लेखन कार्यलाई निरन्तरता दिन आवश्यक व्यावस्था गरेको छु।

६. शिक्षामा पहुँच समता गुणस्तर तथा सान्दर्भिकता कायम गर्दै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था गरेको छु।

७. पालिकाभित्रका उत्कृष्ट अभिभावक, शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, बि.व्य.स. र विद्यालयलाई उचित सम्मानको कार्यक्रमलाइ निरन्तरता दिइएको छु।

८. विद्यायको प्रधानाध्यपकहरुलाई नेपाल सरकारले दिदै आएको मासिक प्र अ भत्तामा गाउँपालिकाबाट शत प्रतिशत प्र अ भत्ता थपको व्यवस्था गरेको छु। साथै अन्य कर्मचारीहरु जस्तै बालबिकास सहजकर्ता, कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीको लागि मासिक दुई हजारको दरले थप तलब भत्ताको व्यावस्था गरेको छु।

९. शिक्षकको पेशागत विकास र प्रविधि मैत्री शिक्षक उत्पादन गर्न, शिक्षक तालिम र शिक्षक-विद्यार्थीको प्रतिभा प्रष्फुटन एवं सिर्जनात्मक कलाको विकास गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप तथा शैक्षिक सामग्री प्रदर्शनी मेला आयोजना संचालन कार्यलाई निरन्तरता दिइएको छु ।

१०. पालिकास्तरीय खेलकुद समिति,युवा क्लब तथा बालक्लबहरुको लागि खेलकूद आयोजना तथा नेतृत्व विकाससम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्नको लागि आवश्यक व्यबस्था गरेको छु ।

११. गाउँपालिका भित्र विशेषज्ञ प्राबिधिक जनशक्ति उत्पादन गर्ने उद्धेश्यका साथ प्राविधिक छात्रवृतिको व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१२. विद्यालयहरुमा नेपाल सरकारले कक्षा ५ सम्म उपलब्ध गराउँदै आएको दिवा खाजामा स्थानीय सरकारको तर्फबाट कक्षा ६ को लागि आवश्यक दिवाखाजाको लागि बजेटको व्यवस्था गरेको छु।

१३. सुत्केरी लगायत लामो बिदाबाट पर्ने शैक्षिक क्षतीको परिपूर्तिको लागि पालिकामा घुम्ती शिक्षकको व्यवस्था मिलाएको छु।

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण</u>**

१. अभिभाबक विहीन बालबालिकाहरुको लागि शैक्षिक अध्ययन र संरक्षणको लागि विशेष तथ्याङ्क सङ्कलन गरी कार्यान्यनको लागि आवश्यक व्यवस्था गरेको छु।

२. लैंगिक हिंसा न्यूनीकरणको लागि लैंगिक हिंसा निवारण कोषलाई क्रियाशील गराइ हिंसा पीडितको उद्दार, पुर्नस्थापना तथा उचित राहतको व्यवस्था मिलाएको छु।

३. बजेटमा सबै क्षेत्रमा लैंगिक पहुँच, समानता र समता सुनिश्चित गर्न आवश्यक व्यवस्था गरेको छु ।

४. महिलाहरुको लागि मागमा आधरित उद्यमशीलता तालिमलाई निरन्तरता दिइएको छ।

५. बालविवाह, छुवाछुत, जातीय भेदभाव लगायत अन्य सामाजिक बेथितिको अन्त्य गर्न विद्यालय लगायत सामाजिक संघ संस्थाहरुलाई सक्रिय बनाई सचेतनामूलक कार्यक्रहरु संचालन गर्नको लागि आवश्यक व्यबस्था मिलाएको छु ।

६. एकल महिला तथा सुत्केरी महिला भेटघाट कार्यक्रमलाई निरन्तरता दिने दिदै परिवारबाट अपहेलित जेष्ठ नागरिक र महिलाहरुको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७. सामाजिक सुरक्षा भत्ता वितरण घुम्ति शिविरलाइ निरन्तरता दिइएको छ।

**स्वास्थ्य तथा पोषण**

१. पालिकाभित्रका प्रेषण गर्नुपर्ने गर्भवती महिला र क बर्गको अपांगको लागि प्रदान गरिएको

निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइएको छु।

२. घुम्ती शिविर मार्फत प्रत्येक वडामा विशेषज्ञ डाक्टर सहितको बिभिन्न प्रकारको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने व्यबस्था मिलाएको छु।

३. जेष्ठ नागरिक तथा दीर्घ रोगीहरुको लागि आवश्यक औषधि निःशुल्क वितरण गरिने कार्यक्रमलाइ निरन्तरता दिइने छ।

४. यस गाउँपालिकामा सचालनमा रहेको विगु स्वास्थ्य सेवा केन्द्रलाई थप व्यवस्थित गर्न दर्ता प्रक्रियाको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५. विभिन्न संघ संस्था सँगको साझेदारीमा सम्पूर्ण बिद्यालयमा आँखा, नाख, कान, घाँटी सम्बन्धि screening शिबिर संचालन गर्ने तथा आवश्यक शिविर संचालन गरिने व्यबस्था मिलाएको छु ।

६. महिला स्वास्थ्य स्वयं सेविकाको सेवा सुविधा थप गर्दै ६० वर्ष उमेर पूरा भएका स्वास्थ्य महिला स्वयं सेविकाहरुलाई सम्मानजनक विदाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता अभिबृदी गर्नको लागि बिभिन्न प्रकारका अभिमुखीकरण तथा तालिम संचालन गर्नको लागि आबश्यक व्यबस्था गरेको छु ।

८. स्वास्थ्यकर्मिहरुको लागी खोप तथा गाउघर क्लिनिक संचालनको लागि यातायात खर्चको लागि आबश्यक व्यवस्था गरेको छु।

९. गर्भवती तथा सुत्केरी आमाको पोषण अवस्थालाई मध्यनजर गर्दै पोषण कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाएको छु।

११. पोषणमैत्री स्थानिय शासन अवलम्वन गर्दै यसै आर्थिक बर्ष भित्र गाँउपालिका लाइ पोषणमैत्री स्थानीय तह घोषणा गर्ने गरी लक्षित कार्यक्रम सन्चालन गर्ने व्यबस्था मिलाएको छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

१. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्धार तथा पुर्नस्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२. गाउँपालिकाबाट संचालन हुने ठुला आयोजनाहरुको संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्न आबश्यक बजेटको व्यबस्था गरेको छ।

३. गाउँपालिकाभित्रका सुख्खा तथा पहिरोको जोखिम रहेका स्थानहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न आबश्यक व्यबस्था गरेको छ।

४. सिंगटी फोहोरमैला व्यवस्थापनको लागि आवश्यक नीति निर्माण गरी फोहोरमैला व्यवस्थापन गर्नको लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

५. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरेको छ। साथै विपद जन्य परिस्थितिबाट सुरक्षित रहन विभिन्न विद्यालय तथा सार्वजिक निकायहरुमा विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

६. विपद् व्यवस्थापनमा सहयोग र सहकार्य गर्ने अन्य निकायहरुसँग समन्वय र सहकार्य गर्दै विपदजन्य परिस्थितिबाट सुरक्षित रहनको लागि आवश्यक कार्यक्रमको व्यवस्था गरेको छ।

**<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन</u>**

**<u>शासकीय प्रवन्ध र सेवा प्रवाह</u>**

१. गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई सरल, सहज पारदर्शी, जवाफदेहि र मितव्ययी बनाउन आवश्यक व्यवस्था मिलाएको छ।

२. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम सञ्चालनका साथै कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहनको लागि आवश्यक व्यबस्था गरेको छ।

३. योजनाहरुमा पारदर्शिता, जवाफदेहीता कायम गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई थप व्यवस्थित गर्न आबश्यक व्यबस्था मिलाएको छ।

४. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइएको छ।

५. गाउँपालिकामा निजी क्षेत्रको लगानी भित्र्याउन निजी लगानीकर्तालाई गाउँपालिकाले लगानीमैत्री वातावरण सिर्जना गर्न आबश्यक व्यबस्था मिलाएको छ।

**<u>न्याय निरुपण तथा मेलमिलाप</u>**

१. न्यायिक समितिबाट हुने न्यायिक निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन गरी थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाएको छु ।

२. कानुनी शासन प्रर्वद्धन र सम्वर्द्धनको लागि समुदाय स्तरीय कानुनी साक्षरता कार्यक्रम संचालनको लागि आबश्यक व्यबस्था गरेको छु।

३.न्यायिक समिति र वडा स्तरीय मेलमिलाप कर्ताहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न तथा मेलमिलाप केन्द्रको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था गरेको छु।

४.सहिद परिवार भेटघाट तथा सम्मान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**सूचना प्रविधी तथा सञ्चार**

१. पालिकाभित्र संचालित सबै सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायतका सार्वजनिक निकायहरुमा इन्टरनेट सुविधाको पहुँच सुनिश्चित गराउन तथा नेपाल टेलिकमको नेटवर्क नआउँदा सञ्चार पहुँचबाट स्थानीय बञ्चित नहुन नेपाल टेलिकमसँग समन्वय गरी संचार पहुँचको सुनिश्चितता गर्न आबश्यक व्यबस्था मिलाएको छु।

२. गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई क्रमशः डिजिटलाइज गर्ने र गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरु, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सिसि क्यामेरा जडानका लागि आवश्यक व्यबस्थापन गरेको छु।

अन्त्यमा, प्रस्तुत बजेट विगु गाउँपालिकाको सर्वपक्षीय विकासको लागि कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु । यस बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत गाउँपालिकाबासीहरुमा हार्दिक धन्यबाद दिन चाहन्छु । साथै गाउँपालिकाको समग्र विकासमा महत्वपुर्ण योगदान पुर्याउनुहुने प्रतिनिधि सभा सदस्य, बगमती प्रदेश सभा सदस्य लगायत पूर्वजनप्रतिनिधिज्यूहरु लगायत विभिन्न राजनैतिक दल, गाउँपालिकाका सम्पूर्ण निर्बाचित जनप्रतिनिधि, कर्मचारी साथीहरु, सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, नागरिक समाज, आम संचार माध्यमहरु तथा सम्पूर्ण विगु गाउँपालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुले गाउँपालिकाको विकास र सेवा प्रवाहको लागि गर्नुभएको पहल र सहकार्यको उच्च कदर गर्दै आ.ब. २०८३/०८४ को बजेट कार्यान्वयनमा समेत यहाँहरुको महत्त्वपूर्ण सहयोग हुने अपेक्षा सहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यबाद !